नेपाल सरकार

शिक्षा मन्त्रालय

शिक्षा विभाग

# क्षेत्रीय शिक्षा निर्देशनालय

पश्चिमाञ्चल, पोखरा

(शिक्षक व्यवस्थापन शाखा)

प.सं. : ०७३/७४

च.नं. : ४६१

मितिः २०७३/१०/२८

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय

१६ वटै पश्चिमाञ्चल

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगको च.नं. ७३० मिति २०७३।९।७ को प्राप्त पत्रानुसार आयोगको मिति २०७३।०९।०७ गतेको बैठकमा "शिक्षक सेवा आयोग (संशोधन सहित) २०५७ को नयमि ३९ (१) मा "यस नियमावलीमा अन्यत्र जुनसकै कुरा लिखएको भएतापनि कुनै पनि तहको श्रेणीमा शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत भरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिस गर्नेछ" भन्ने उल्लेख भए अनुसार जिल्ला शिक्षक कार्यालयबाट शिक्षकको विशेष बढुवाको फायलहरु निर्णयार्थ आयोगमा आउने गरेका छन् । प्रत्येक शिक्षकको लागि पटक पटक निर्णय लिदा शिक्षकहरुलाई पनि आयोग धाउनु पर्ने अवस्था देखिएको र आयोगमा पनि प्रत्येक शिक्षकको लागि पटक पटक निर्णय गर्दा झन्झटिलो भएकोले यसलाई सहज बनाउन सम्बन्धित जिल्ला शिक्षा अधिकारीलाई नै आवश्यक कागजात र प्रमाणको आधारमा विशेष बढुवा गर्ने जिम्मेवारी दिन उपयुक्त हुने भएकोले उक्त नियम अनुसार शिक्षकहरुलाई विशेष बढुवा गर्ने जिम्मेवारी दिन उपयुक्त हुने भएकोले उक्त नियम अनुसा।र शिक्षकहरुलाई विशेष बढुवा गर्ने अख्तियारी सम्वन्धित जिल्ला शिक्षा अधिकारीलाई प्रदान गर्ने" निर्णय भएकोले कार्यान्वयनको लागि मातहतका जि.शि.का.हरुमा पत्राचार गर्नुहुन भनि लेखि आएकोले शिक्षक सेवा आयोगको नियमावली (संशोधन सहित) २०५७ को नियम ३९ (१) को हकमा सम्वन्धित जिल्ला शिक्षा अधिकारीलाई अधिकार प्रत्यायोजन भई आएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

उप-निर्देशक

बोधार्थ

श्री शिक्षक सेवा आयोग

सानोठिमी भक्तपुर